नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

आज नेपाल सरकारका श्रीमान् मुख्य सचिवको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्रका सचिवज्यूहरू साथै आमन्त्रित उद्योग, वाणिज्य तथा आपूर्ति, भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा, जलस्रोत तथा सिंचाई, सहरी विकास, खानेपानी, स्वास्थ्य तथा जनसंख्या, वन तथा वातावरण र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यूहरूको सहभागितामा केन्द्रीय अनुगमन तथा मुल्याङ्कन समितिको ५६ औं बैठक सम्पन्न भयो।

उक्त बैठकमा विगत ५५ औं बैठकले गरेको निर्णय कार्यान्वयनको अवस्था, केन्द्रीय अनुगमन तथा मुल्याङ्कन समिति सञ्चालन कार्यविधि स्वीकृति सम्बन्धी, विपद् व्यवस्थापनमा हाल भइरहेका मुख्य काम र तत्काल गर्नुपर्ने कार्यहरू बैठकको कार्यसूचीमा रहेको थियो।

बैठकमा विभिन्न मन्त्रालयले गरेको कार्यप्रगति प्रस्तुतिकाक्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आ.व. ७७/७८ जेठ महिनासम्म ४,४८३ व्यापरिक फर्म, ४६ वटा फर्मको कारोवार रोक्का गरिएको, १,२५९ वटा फर्मलाई जरिबाना गरी रू. ३,०३,३३,५००।- असुल गरिएको, रू. ३,९१,२४,८८१ बराबरको म्याद समाप्त भएको वस्तुहरू नष्ट गरिएको र १,५९५ फर्महरूलाई कारवाही गरिएको विवरण प्रस्तुत भयो।

त्यसै गरी गृह मन्त्रालयका अनुसार बैशाख एक गतेदेखि हालसम्म ४ लाख ६० हजार मास्क वितरण गरिएको, निषेधको आदेश उल्लङ्घन गर्ने ४ लाख ५८ हजार व्यक्ति र एक लाख ९३ हजार सवारीसाधनलाई कारवाही गरिएको छ। यसरी जरिबाना वापत रू. एक करोड ७१ लाख ११ हजार असुल भएको छ। वन तथा वातावरण मन्त्रालयका अनुसार विकास कार्यलाई सहजीकरण गर्दै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ कार्यान्वयनमा ल्याई यस आर्थिक वर्षमा ३२ वटा आयोजनाका लागि १२०४.९६१ हेक्टर जग्गा प्रदान गरिएको विवरण प्रस्तुत भएको थियो। छलफलबाट केन्द्रीय अनुगमन तथा मुल्याङ्कन समितिलाई थप व्यवस्थित गर्न केन्द्रीय अनुगमन तथा मुल्याङ्कन समिति सञ्चालन कार्यविधि, २०७८ स्वीकृति समेत भएको छ।



टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

श्रीमान् मुख्य सचिवबाट बजार अनुगमनको दायरा बढाउने, अनुगमन निरन्तर गर्ने, सूचना प्रविधिको प्रयोग गर्ने, सूचना प्रविधि मार्फत गलत कार्य रोक्ने, कालोबजारी, अवैध कारोवारलाई प्रहरीको सिसिटिभि मार्फत योजनावद्ध नियमन गर्ने प्रणालीको विकास गर्ने जस्ता विषयमा निर्देशन दिनु भयो। कृषि क्षेत्रको विकास, उत्पादन वृद्धि र उत्पादकत्व बढाउन समयमै रासायानिक मलको आपूर्तिलाई सहज, सरल र व्यवस्थित बनाउने, पूर्वाधार विकासका लागि कामको प्रकृति अनुसार आवश्यक जनशक्तिको क्षमता विकासका लागि अनुमानयोग्य हुने गरी अघि बढ्न आवश्यक भएको बताउनु भयो। राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिन विगतमा भइरहेका प्रयासहरूलाई थप व्यवस्थित बनाई फरक ढङ्गले अघि बढ्नुपर्ने बताउनु भयो। विकास संगै विपद् व्यवस्थापनलाई पनि प्रभावकारी बनाउन पूर्वाधार क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको पूर्ण सहभागिताबाट भविष्यमा आईपर्ने विपद् लाई न्यूनिकरण गर्न निर्देशन दिनु भयो।

२०७८/०३/१८

किरणराज शर्मा
सहसचिव



टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np